निर्णयहरुः

१. पछिल्लो पटक जिल्लास्थित विभिन्न स्थानीय तहहरुबाट भूकम्प प्रभावित घर परिवारलाई अस्थायी आवास अनुदानको दोश्रो किस्ताको रकम माग भई आएकोमा जिल्ला विपद् व्यवस्थापन कोषबाट पठाउन बाँकी देहायको रकममध्ये किस्ता वितरणमा एकै पटक पर्ने चाप, जिल्ला विपद् व्यवस्थापन कोषमा रहेको मौज्दात तथा बाँकी स्थानीय तहबाट तत्काल माग भई आउन सक्ने थप रकमको व्यवस्थापन समेतलाई दृष्टिगत गर्दै देहाय अनुसार अस्थायी आवास अनुदानको दोश्रो किस्ताको रकम सम्बन्धित स्थानीय तहको विपद् व्यवस्थापन कोषमा निकासा गर्ने।

| सि.नं. | स्थानीय तह | स्थानीय तहबाट माग भएको रकम | निकासा भएको रकम | निकासा बाँकी रकम | तत्काल निकासा गरिने रकम |
|---|---|---|---|---|---|
| १. | शिवालय गाउँपालिका | ३,३८,००,००० | १,८८,७५,००० | १,४९,२५,००० | १,४९,२५,००० |
| २. | छेडागाड नगरपालिका | २०,५७,५०,००० | ५,००,००,००० | १५,५७,५०,००० | १०,००,००,००० |
| ३. | नलगाड नगरपालिका | ११,२५,५०,००० | २,००,००,००० | ९,२५,५०,००० | ७,००,००,००० |
| ४. | जुनिचाँदे गाउँपालिका | १०,३६,७५,००० | ५,००,००,००० | ५,३६,७५,००० | ५,००,००,००० |

२. निर्णय नं. १ मा उल्लेखित स्थानीय तह बाहेक हाललाई भूकम्प प्रभावित घर परिवारलाई अस्थायी आवास अनुदानको दोश्रो किस्ताको रकम माग भई आएका देहायमा उल्लेखित स्थानीय तहहरुलाई जिल्ला प्रशासन कार्यालयको च.नं. २०७, मिति २०८१/०४/२४ गतेको पत्रबाट रकम निकासाका लागि आवश्यक पूर्ण विवरण प्राप्त भए पश्चात तत्कालका अस्थायी आवास अनुदानको दोश्रो किस्ताको रकम सम्बन्धित स्थानीय तहको विपद् व्यवस्थापन कोषमा निकासा गर्ने।

| सि.नं. | स्थानीय तह | स्थानीय तहबाट माग भएको रकम | निकासा भएको रकम | तत्काल निकासा गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | भेरी नगरपालिका | ५,४६,००,००० | ० | ५,४६,००,००० | विवरण प्राप्त भए पश्चात निकासा गरिने। |
| २. | कुशे गाउँपालिका | ७,५०,००,००० | ० | ७,५०,००,००० | |

३. लामो समयदेखिको सुख्खायामको कारण आगलागिजन्य विपद् हुनसक्ने अवस्थालाई मध्यनजर गर्दै सोका कारण यस जिल्लामा जीउधनको क्षति हुन नदिन जिल्लास्थित सुरक्षा निकाय, स्थानीय तह र सम्बद्ध निकाय/संस्थाहरुले आवश्यक एवं उपलब्ध स्रोतसाधन सहित पूर्वतयारी गरी सम्भावित जोखिम न्यूनीकरण गर्ने।

४. जाजरकोट भूकम्प, २०८० को विस्तृत क्षति आंकलन (DDA) का लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) बाट यस जिल्लास्थित स्थानीय तहहरुमा प्राविधिक जनशक्तिहरु खटिने भएकोले उक्त कार्यमा आवश्यक समन्वय तथा सहजीकरण गरी विस्तृत क्षति आंकलन (DDA) को कार्यलाई सहयोग गर्न जिल्लास्थित सम्पूर्ण स्थानीय तहहरु, राजनीतिक दल, सम्बद्ध संघ/संस्था, नागरिक समाज, मिडिया र सरोकारवाला सबैलाई अनुरोध गर्ने।